# नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
# सिंहदरबार



**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम सार्वजनिक गरिएको वन तथा वातावरण मन्त्रालयसंग सम्बन्धित सूचनाहरुको प्रकाशन**

*सूचना सार्वजनिक गरेको अवधिः- २०७६/१/१-२०७६/३/३१*

## १ मन्त्रालयको स्वरुप र प्रकृति

नेपालको समग्र वन तथा वातावरण क्षेत्रको व्यवस्थापन, संरक्षण तथा सदुपयोग गर्ने मूल उद्देश्य यस मन्त्रालयको रहेको छ । मन्त्रालयमा माननीय मन्त्रीको नेतृत्वमा प्रशासकीय प्रमुखका रुपमा सचिव, ६ वटा महाशाखा र सो अन्तर्गत २६ शाखाहरु रहेका छन् । प्रत्येक महाशाखाका प्रमुख सह-सचिव रहने व्यवस्था छ । यस मन्त्रालय अन्तर्गत चार विभाग, एक वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, एक रेड कार्यान्वयन केन्द्र रहेका छन् । यसका अतिरिक्त मन्त्रालय माताहत नेपाल वन निगम लि., जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, राष्ट्रपति चुरे-तराई मधेस विकास संरक्षण समिति, राष्ट्रिय प्रकृति संरक्षण कोष र राष्ट्रिय ताल संरक्षण विकास समिति समेत रहेका छन् ।

## २ मन्त्रालयको काम, कर्तव्य र अधिकार

वन स्रोत सर्वेक्षण, २०१५ अनुसार नेपालको कूल क्षेत्रफल मध्ये वन तथा बुट्यान क्षेत्र ले ४४.७४% भू- भाग ओगटेको छ । राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रहरु जस्तैः जलस्रोत, पर्यटन, प्राथमिक स्वास्थ्य उपचार र कृषिको मेरुदण्डको रुपमा रहेको वन क्षेत्रले सदियौंदेखि नै जनताको वन पैदावारको आवश्यकता परिपूर्ति तथा वातावरण सन्तुलनको लागि योगदान पुऱ्याउदै आइरहेको छ । साथै वातावरणीय स्वच्छता कायम राख्दै जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कृयाकलाप मार्फत जनताका जीविकोपार्जनमा सकारात्मक टेवा पुर्याउनु पनि यस मन्त्रालयको कार्यक्षेत्रभित्र पर्छ । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयबाट सम्पादन गरिने कार्यहरु निम्नानुसार विभाजन गरिएको छ ।

१. वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी नीति, कानून र मापदण्ड
२. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिकार आरक्ष र सीमसार क्षेत्र सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तथा कार्यान्वयन
३. हात्तीसार
४. प्राणी उद्यान (चिडियाखाना) सम्बन्धी नीति, कानून र मापदण्ड

५. मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्र व्यवस्थापन सम्बन्धी नीति, कानून र मापदण्ड

६. जैविक विविधता , प्राकृतिक वातावरण संरक्षण, सदुपयोग र स्रोतको व्यवस्थापन

७. वन्यजन्तु, जैविक विविधता र वन पैदावार ओसारपसार एवं अपराध नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन

८. वन क्षेत्र अतिक्रमण र वन क्षेत्रको भू उपयोग परिवर्तन

९. वनस्पति उद्यान र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति,कानून र मापदण्ड

१०. हर्वेरियम व्यवस्थापन

११. वनस्पतिहरुको रासायनिक गुणहरुको परीक्षण, प्रयोगशाला, प्रत्यायन, प्रमाणीकरण र गुणस्तर

१२. आनुवांशिक स्रोत, दुर्लभ तथा लोपोन्मुख प्रजाति र आयातित प्रजाति

१३. वातावरण, जलवायु परिवर्तन, जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरण सम्बन्धी नीति, कानून र मापदण्ड

१४. कार्वन सेवा र कार्वन सञ्चिति

१५. अन्तर प्रादेशिक जंगल,हिमाल, वन संरक्षण क्षेत्र, जैविक विविधता तथा भू-जलाधार क्षेत्रको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन

१६. अन्तरदेशीय वन तथा वन्यजन्तु सम्बन्धी विषय

१७. वन, वनस्पति, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान

१८. प्राकृतिक नदी नाला, ताल तलैया, पोखरी, सीमसार एवं जलाधार क्षेत्रको वातावरणीय संरक्षण एवं स्वच्छता कायम सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन

१९. वायु र वायुमण्डलको गुणस्तर, मापदण्ड, अनुगमन र लेखाजोखा

२०. हरित अर्थतन्त्र सम्बन्धी नीति र मापदण्ड

२१. विकिरण, जल, ठोस, तापीय, नाभकीय, विद्युतीय, चुम्बकीय, रसायन,ध्वनि लागायतका प्रदुषण नियन्त्रण

२२. हरितगृह ग्याँसको मापदण्ड र नियमन

२३. राष्ट्रिय स्तरमा वातावरणीय सूचना प्रणाली

२४. वातावरणीय प्रभाव अध्ययन सम्बन्धी नीति, कानून, मापण्ड र नियमन

२५. राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, राष्ट्रिय प्रकृति संरक्षण कोष

२६. सशस्त्र वन रक्षक

२७. मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थासंग सन्धि, सम्झौता,अभिसन्धि, सम्पर्क र समन्वय

२८. मन्त्रालय सम्बन्धी सर्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन

२९. मन्त्रालयको विषय क्षेत्रसंग सम्बन्धित सेवा, समूह र उपसमूहको सञ्चालन

## ३ मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

यस मन्त्रालयमा जम्मा १२९ जना निजामती कर्मचारीको दरबन्दी रहेको छ । मन्त्रालयका काम कारवाही संगठन व्यवस्थापन तथा सर्वेक्षण प्रतिवेदन २०७५ मा दिइएका कार्य विवरण अनुसार नै विभिन्न विभाग, केन्द्र, विकास समिति तथा कोषमा कार्यरत कर्मचारी मार्फत भइरहेका छन् । यी निकायमार्फत यस मन्त्रालय अन्तर्गतका कार्य क्षेत्रमा पर्ने क्रियाकलापहरु समेत कार्यान्वयन भइरहेका छन् ।

## ४ मन्त्रालयबाट प्रदान गरिने सेवा

नयाँ संरचना अनुसारको संगठन संरचना स्वीकृत भए पश्चात विगतमा वन तथा भू संरक्षण मन्त्रालय र मातहतका निकायबाट प्रदान गरिदै आएका सेवाहरुमा समेत परिवर्तन भएको छ । हालको अवस्थामा नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले वन तथा वातावरण मन्त्रालयलाई तोकि दिएको कार्यक्षेत्र अनुसार यस मन्त्रालयबाट प्रदान गरिने निम्नानुसारका सेवाहरु निर्देशित भएका छन् ।जुन निम्नानुसार छन् ।

- वन सम्पदाको वैज्ञानिक, समावेशी र सहभागितामूलक व्यवस्थापनद्वारा पारिस्थितिकीय सेवाको प्रवर्द्धन गर्ने।

- नेपालमा रहेका सबै प्रकारका वनहरुलाई दिगो वन व्यवस्थापन पद्वति अनुरुप व्यवस्थापन गर्नाका लागि आवश्यक नीति, नियम तथा मापदण्ड तय गर्ने।
- वन अतिक्रमण, अवैध कटानी तथा चोरी शिकारलाई नियन्त्रणका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने ।
- वन श्रोतमा आश्रित समुदायहरुको जीविकोपार्जनमा सुधारको लागि जडिबुटी, पर्यापर्यटन र वन सम्पदामा आधारित वातावरण मैत्री उद्योग व्यवसायको विकास गरी निर्यात प्रवर्धनमा सहयोग पुऱ्याउने ।
- वन तथा जलाधार संरक्षणको माध्यमबाट कृषियोग्य भूमिको संरक्षण र उत्पादकत्वमा बृद्धि, पानीमुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण, जलवायु शुद्धीकरण जस्ता मानव स्वास्थ्य रक्षा एवं प्रकृति संरक्षण र वातावरणीय स्वच्छता कायम राख्ने ।
- वन स्रोतबाट प्राप्त हुने लाभहरुको समन्यायिक वितरणका लागि आवश्यक व्यवस्था गर्ने।
- जलवायु परिर्वतनका कारणले पर्नसक्ने सम्भावित असरहरुको आंकलन गरी उपयुक्त अनुकूलन एंव जोखिम व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने ।
- चुरेको परिस्थितिकीय प्रणालीको दिगो व्यवस्थापन गर्ने ।
- जडिबुटी उत्पादन तथा प्रशोधन कार्यलाई सार्वजनिक र निजी क्षेत्रको साझेदारीमा सञ्चालन गर्न प्रोत्साहन गर्ने ।
- लैङ्गिक तथा सामाजिक समावेशी रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- वन क्षेत्रमा वैदेशिक सहायतालाई राष्ट्रिय हित अनुकूल संचालन गर्ने ।
- वन क्षेत्रको प्रभावकारी संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन गर्नको लागि प्रचलित ऐन कानूनमा आवश्यक परिमार्जन गरी संस्थागत सुदृढीकरण र अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्ने ।
- कार्वन सञ्चितिबाट रेडको अवधारणा अनुसार विश्व व्यापारमा संलग्न हुन आवश्यक नीति तथा कार्यक्रम तर्जूमा गर्ने ।
- वातावरणीय स्वच्छता कायम गर्नका लागि नीति, मापदण्ड तथा कानूनहरुको निर्माण गर्ने ।

- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरु संचालन गर्ने ।

**५ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

प्रचलित कानून अनुसार हुने ।

**६ निर्णय गर्ने प्रक्रिया र अधिकारी**

यस मन्त्रालयको कार्यक्षेत्र भित्र रहेका विभिन्न काम कार्वाहीमा नेपाल सरकारले जारी गरेको सरकारी निर्णय प्रकृया सरलीकरण निर्देशिका, २०६५ मा व्यवस्था भए अनुसार निर्णय हुने गरेको छ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम

**७ निर्णयउपर उजुरी सुन्ने अधिकारी**

- यस मन्त्रालयबाट उपलब्ध गराईएको सेवा उपर चित्त नबुझेको खण्डमा मन्त्रालयका सचिव समक्ष उजुरी गर्न सकिनेछ ।

**८ सम्पादन गरेको कामको विवरण**

यस मन्त्रालयको बार्षिक बजेट तथा कार्यक्रम अनुसारका निम्न कार्यहरु हुदै आएका छन् ।

- राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम,
- जलाधार संरक्षण तथा व्यवस्थापन कार्यक्रम,
- वनस्पति संरक्षण तथा उद्यान विकास कार्यक्रम,
- वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण कार्यक्रम
- राष्ट्रिय निकुन्ज तथा आरक्ष कार्यक्रम
- वन अनुसन्धान तथा सर्वेक्षण आयोजना
- केन्द्रीय वन तालिम तथा प्रसार कार्यक्रम
- रेड फरेष्ट्रि तथा जलवायू परिवर्तन कार्यक्रम,
- संरक्षित वन विकास कार्यक्रम,
- राष्ट्रपति चुरे संरक्षण कार्यक्रम,

- जैविक विविधता संरक्षण, हरित उद्यम तथा जीविकोपार्जन सुधार एकीकृत कार्यक्रम,
- व्यवस्थापिका संसद, प्राकृतिक स्रोत र साधन समितिको सुझाव तथा निर्देशन कार्यान्वयन कार्यक्रम,
- नेपाल व्यापार एकीकृत रणनीति कार्यक्रम
- पहाडी साना किसानका लागि अनुकूलन आयोजना
- पर्वतीय जलाधारहरुको जलावायु परिवर्तन समानुकूलन आयोजना

**यसका साथै यस अवधिमा यस मन्त्रालयबाट भएका मुख्य कार्यहरू निम्न अनुसार छन् ।**

- वन सेवाका विभिन्न सेवा तथा श्रेणीका कर्मचारीको समायोजन प्रकृया पूरा भएको र फाजिलमा रहेका कर्मचारीहरुको व्यवस्थापनको कार्य प्रकृयामा रहेको,
- समायोजनका क्रममा आईपरेका गुनासाहरुको निवेदन संकलन गरी गुनासो सम्बोधनका लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसंग अनुरोध गरी निकासा भए बमोजिम कार्य सम्पादन समेत भएको,
- यस अवधिमा मन्त्रालयमा प्राप्त तथा विभिन्न निकायबाट प्राप्त ५१ वटा उजुरी /गुनासाहरु मध्ये २६ वटा फछ्र्यौट भएको र २५ वटा प्रक्रियामा रहेको,
- राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी निर्देशिका २०७६, को मस्यौदा तर्जूमा सहमतिको लागि मिति २०७६।१।२ मा राय सहमतिका लागि कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय र गृह मन्त्रालयमा पठाइएको,
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय नियन्त्रण व्यापार नियमावली, २०७६ को मस्यौदा तर्जुमा सहमतिको लागि मिति २०७६।३।११ मा राय सहमतिका लागि कानून न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालयमा पठाइएको ,
- नेपाल वन प्राविधिक परिषद्को व्यवस्था गर्न बनेको विधेयक तर्जुमा सम्बन्धमा तयार गरिएको अवधारणापत्रको मस्यौदामा सहमतिका लागि मिति २०७६।०२।३० मा कानून न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालयमा पठाइएको,

- शिवपुरी नार्गाजुन राष्ट्रिय निकुन्ज नियमावली २०७५ सूचना सम्पादनको लागि कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा मिति २०७६।१।१५ मा पठाइएको,
- वन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक र वातावरण संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदमा दर्ता भएको,
- क्योटो अभिसन्धिको दोहा संशोधन संघीय संसदमा पेश गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा मिति २०७६।३।२५ मा पठाइएको,
- वन लगानी योजना कार्यक्रमको दस्तावेज तयार गरिएको,
- प्रकृतिमा आधारित पर्यापर्यटनको लागि दस्तावेजहरु तयार गरिएको,
- नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७५।०४।१८ मा वन पैदावार विकास समिति र दि टिम्बर कर्पोरेशन अफ् नेपाल लि. दुवैलाई एक आपसमा गाभी एकीकृत गर्ने भन्ने निर्णय कार्यान्वयन गर्ने सिलसिलामा 'नेपाल वन निगम लिमिटेड बनाउने प्रस्ताव नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६।०२।२३ को निर्णयबाट स्वीकृत भएको,
- नेपाल वन निगम लिमिटेडको प्रबन्धपत्र, नियमावली, कर्मचारी व्यवस्थापन विनियमावली, आर्थिक विनियमावली र सांगठनिक सर्वेक्षण प्रतिवेदन पुनरावलोकन गरी अन्तिम मस्यौदा तयारीको क्रममा रहेको,
- राष्ट्रिय वातावरण नीति नेपाल सरकार (म.प.) को मिति २०७६/३/२४ को निर्णयबाट स्वीकृत भएको तथा जलवायु परिवर्तन नीति स्वीकृतिका लागि नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७६/०३/२९ को निर्णायानुसर नेपाल सरकार (म.प.) मा पेश भएको,
- हरेक वर्षको आषाढ १४ गतेलाई राष्ट्रिय वृक्षारोपण दिवशको रुपमा मनाउने र चालु आ.व. २०७६/०७७ लाई वृक्षारोपण वर्षको रुपमा मनाउने प्रस्ताव नेपाल सरकार (म.प.) को मिति २०७६।०३।२९ को निर्णयबाट स्वीकृत भएको,
- आषाढ १४ गते सम्माननीय प्रधानमन्त्रीज्यूबाट वृक्षारोपण बर्षको शुभारम्भ भएको,
- २०७६।३।३० गते सम्माननीय प्रधानमन्त्रीज्यूबाट Intergovernmental Panel on Climate Change (IPCC) का बैज्ञानिकहरुको अन्तराष्ट्रिय सम्मेलनको काठमाडौंमा समुद्घाटन भएको,

- वन विकास कोष स्थापना तथा सञ्चालन कार्यविधि निर्देशिकाको मस्यौदा तयार भएको,
- अन्य मन्त्रालयहरुबाट विभिन्न समयमा प्राप्त भएका (अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालय) बाट प्राप्त हुन अएका नीति, रणनीति, ऐन कानून तथा निर्देशिकाहरुको मस्यौदा अध्ययन एवं पूनरावलोकन गरी राय, सुझाव उपलब्ध गराएको,
- वन तथा वातावरण मन्त्रालय माताहतका निकायहरुको आ.व. २०७५।७६ को आर्थिक सर्वेक्षण को विवरण मिति २०७६।१।२ मा अर्थ मन्त्रालयमा उपलव्ध गराइएको,
- वन तथा वातावरण मन्त्रालय मातहतका निकायहरुको आ.व. २०७४।७५ र २०७५।७६ को विनियोजित रकम र सो को यथार्थ प्रगति विवरण मिति २०७६।१।२ मा अर्थ मन्त्रालयमा उपलव्ध गराइएको,
- आ.व. २०७५।७६ मा संचालित विकास कार्यक्रमको दोश्रो चौमासिक प्रगति समिक्षा र मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको वैठक मिति २०७५।१२।११ गते सम्पन्न गरिएको,
- वन तथा वातावरण मन्त्रालय अन्तर्गतका निकायहरुवाट सम्पादन भएका आ.व. २०७५।७६ मा संचालित विकास कार्यक्रमको दोश्रो चौमासिक प्रगति समिक्षा सम्पन्न भएको र राष्ट्रिय विकास समस्या समाधान समितिको वैठक मिति २०७६।१।१९ गतेका  लागि आवश्यक विवरणहरु तयार गरिएको,
- राष्ट्रिय विकास समस्या समाधान समितिको ४४ औ वैठकका नर्णिय नं ३ को वहु वर्षीय ठेक्का लागेका कार्यक्रम/आयोजनाहरुको विवरण मिति २०७५।१२।१८ मा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा उपलव्ध गराइएको,
- वन तथा वातावरण मन्त्रालय अन्तर्गतका कार्यालयहरुवाट सम्पन्न भएका कार्यहरु, नीति तथा कार्यक्रमको चैत्र, वैशाख र जेठ महिनाको समिक्षा प्रगति क्रमशः२०७६।१।९, २०७६।२।५ र २०७६।३।११ सम्पन्न गरिएको,
- वन तथा वातावरण मन्त्रालयको मासिक प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को अनलाइन मोनिटरिंग सिस्टममा प्रविष्ट गरिएको,

- अन्तरप्रदेश परिषद वैठकवाट भएका संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजना कार्यान्वयन प्रगति मिति २०७६।३।९ गते  प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलव्ध गराइएको,
- वन तथा वातावरण मन्त्रालयको आ.व. २०७४।७५ को वार्षिक प्रगति पूस्तिका प्रकाशन गरिएको,
- आ.व.२०७६।७७ को वार्षिक बजेट तथा कार्यक्रम तयारी तथा LMBIS मा प्रविष्ठ गरिएको,
- आ.व.२०७६।७७ को विनियोजन विधेयक सम्बन्धी संघीय संसदका दुवै सदनहरुको छलफलमा सहभागी हुनका साथै उठान भएका जिज्ञासा तथा प्रश्नहरुको बारेमा प्रष्ट पारिएको,
- आ.व.२०७६।७७ को वार्षिक विकास कार्यक्रम तयार गरी राष्ट्रिय योजना आयोगमा पठाइएको,
- मध्यकालिन खर्च संरचना २०७६/७७-२०७८/७९ (MTEF) तयार गरी राष्ट्रिय योजना आयोगमा पठाईएको,
- यस मन्त्रालय मातहतका विभिन्न विभागहरुको आ.व.२०७५।६६ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमहरु रकमान्तर तथा संशोधन गरिएको,
- उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयहरुको अनिवार्य दायित्व तर्फको नपुग बजेट सम्बन्धित प्रदेश मन्त्रालयहरुलाई हस्तान्तरण गरिएको,
- मिति २०७६ जेठ २२ र २३ गते विश्व वातावरण दिवसको अवसरमा सम्माननीय राष्टपतिज्यूको समुपस्थितिमा वातावरण संरक्षण तथा जलवायु परिवर्तन विषयक राष्ट्रिय कार्यशाला गोष्ठी नेपालगञ्जमा सम्पन्न गरिएको,
- मिति २०७६ असार  २ देखि १२ गतेसम्म जर्मनीको वोनमा आयोजना गरिएको Bonn Climate Change Conference (SB50) मा सहभागिता जनाइएको,
- मिति २०७६ असार १५-१६ गते Abu Dhabi Climate Meeting मा उच्चस्तरीय सहभागितामा माननीय मन्त्रीज्यूको नेतृत्वमा आगामी सेप्टेम्वरमा संयुक्त राष्ट्र संघका महासचिवद्वारा आयोजना हुनगईरहेको जलवायु सम्मेलनको तयारी वैठकमा सहभागिता र नेपालले जलवायु परिवर्तन सम्वन्धी कार्यान्वयन गरेका कार्यक्रमहरुको वारेमा जानकारी गराईएको,

- २०७६ वैशाख २५-२९ गते सम्म आयोजना गरिएको Forty-Ninth Session of the IPCC को वैठकमा यस मन्त्रालयका सचिवको नेतृत्वमा सहभागिता जनाइएको । उक्त वैठकवाट "2019 REFINEMENT TO THE 2006 IPCC GUIDELINES FOR NATIONAL GREENHOUSE GAS INVENTORIES" को स्वीकृति लगायत IPCC द्वारा प्रकाशन गरिने विभिन्न आवधिक प्रतिवेनहरु सम्वन्धमा छलफल गरिएको थियो,
- कोरियामा मिति २०१९ जुन १७ देखी २१ मा आयोजना गरिएको एसिया प्यासेफिक फरेष्ट्रि कमिसनको २८ औं सभामा वन तथा वातावरण मन्त्रालयका सचिवले प्रतिनिधित्व जनाउनु भएको तथा आगामी २ वर्षका लागि नेपाल उक्त कमिसनको उपाध्यक्ष पदमा चयन भएको,
- नवलपरासी स्थित वन क्षेत्रमा अवस्थित खानीबाट चुन ढुंगा निकाल्ने सम्बन्धी फाइलको अध्ययनको लागि गठन गरिएको कार्यदलले फिल्ड भ्रमण गरी प्रतिवेदन पेश गरेको,
- मानव वन्यजन्तु द्धन्द सम्बन्धी (बाँदर, बनेल तथा निलगाई) कार्यदलले अध्ययन गरी प्रतिवेदन पेश गरेको,
- सामुदायिक वन, साझेदारी वन, चक्ला वन तथा मध्यवर्ति सामुदायिक वनको तथ्यांक अद्यावधिक गरिएको,
- वनजन्य उद्योगहरुको विस्तृत विवरण संकलन गर्न पत्राचार गरिएकोमा करिब ४० जिल्लाबाट तथ्यांकहरु प्राप्त भएको बाँकी जिल्लाहरुबाट आउने क्रममा रहेको,
- वन उद्यम संचालन गर्न सकिने संभावित क्षेत्र र करिब ४५० वटा सामुदायिक वन उपभोक्ता समूहहरु पहिचान भई सो को विवरण सूची वन तथा भूसंरक्षण विभाग र वनस्पति विभाग, थापाथलीमा प्राथमिकताको आधारमा कार्यान्वयनको लागि पठाइएको,
- वनमा आधारित पर्यापर्यटन संचालन गर्न करिब ६५० वटा सामुदायिक वन उपभोक्ता समूहहरु पहिचान भई सो को विवरण सूची वन तथा भूसंरक्षण विभाग र वनस्पति विभाग, थापाथलीमा प्राथमिकताको आधारमा कार्यान्वयनको लागि पठाइएको,
- देशभरका संरक्षित क्षेत्र र वन क्षेत्रहरुमा २०७५ फाल्गुणदेखि २०७६ जेष्ठसम्मका वन डढेलोका विवरणहरु राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन तथा भू संरक्षण विभागवाट संकलनको

क्रममा रहेको । वन तथा भू संरक्षण विभागवाट वन डढेलो सम्पर्क व्यक्ति तोकि आएको र सो विभागमा वन डढेलो कन्ट्रोल रुमको स्थापना भएको,

- नेपालका सामुदायिक वनहरुवाट सञ्चालित कार्यक्रमहरुवाट दिगो विकास लक्ष्य (२०१५–२०३०) का १७ वटा लक्ष्यहरु मध्ये वन तथा वातावरणसँग सम्वन्धित कुन कुन लक्ष्यहरु हासिल गर्न के कसरी सहयोग पुग्ने गरेको छ रु सो को यकिन गर्न छुट्टै खाका तयार गरी देशका सवै प्रदेश र भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरि विभिन्न सामुदायिक वनवाट तथ्यांक संकलन भईरहेको,
- साझेदारी वन निर्देशिका, २०६८ को संशोधनको लागि वन तथा वातावरण मन्त्रालय (मन्त्रीस्तर) को मिति २०७५/६/२३ को निर्णयानुसार गठित कार्यदलले निर्देशिका संशोसनको मस्यौदा तयार गरिएको,
- यस अवधिमा १५ वटा आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत गरिएको, २ वटा आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत गरिएको, २५ वटा आयोजनाको क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गरिएको साथै १६ वटा आयोजनालाई वातावरणीय प्रभाव मूल्यांकन अध्ययनका लागि सहमति प्रदान गरिएको,
- दुई वटा आयोजनालाई वातावरण संरक्षण ऐन, २०५३ विपरित कार्य गरे वापतको दण्ड जरिवाना गरिएको,
- यस त्रैमासिक अवधिमा विभिन्न २७ वटा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुलाई १८७.४८८ हे. वन क्षेत्रको जग्गा प्रयोगका लागि शर्त सहित उपलब्ध गराइएको,

## ९ सूचना अधिकारी र प्रमुखको नाम र पद

| प्रमुखको नाम र पद | सूचना अधिकारीको नाम र पद |
|---|---|
| डा.विश्वनाथ ओली<br>सचिव | सुमन सुबेदी<br>उप सचिव<br>फो. नं. ९८५१२३७३२४ |

## १० ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

यस मन्त्रालयको कार्य क्षेत्र संग सम्बन्धित निम्न बमोजिमका ऐन, नियम, विनियम वा निर्देशिका रहेका छन्

- वन ऐन, २०४९ र वन नियमावली, २०५१
- राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९
- संकटापन्न बन्यजन्तु तथा बनस्पतिको अन्तरष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३
- राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण नियमावली, २०३०
- राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९
- वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४
- भू तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४१
- नेपाल वन सेवा (गठन, समूह, तथा श्रेणी) विभाजन र नियुक्ति नियमहरु,२०५१
- मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२
- संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७
- संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३
- वन्यजन्तु आरक्ष नियमावली, २०३४
- हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६
- खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४
- बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३
- कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४
- काठ दाउरा संकलन तथा बिक्रि वितरण निर्देशिका, २०७३
- समुदायिक वन उपभोक्ता समुहको आर्थिक कार्यविधि निर्देशिका ,२०७३
- राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि,२०७४
- सामुदायिक वनको काठ दाउरा संकलन तथा  बिक्रि वितरण निर्देशिका, २०७१
- वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९
- सुनाखरी संकलन तथा खेती विकास (कार्यविधि) निर्देशिका, २०६९
- सामुदायिक वनको निर्देशिका,२०५२

- खोटो संकलन (कार्यविधि) निर्देशिका, २०६४
- जिल्ला वन पैदावर आपूर्ति समितिको (कार्यविधि) निर्देशिका, २०६३
- निजी वन निर्देशिका, २०६८
- वातावरणीय सम्बन्धी विभिन्न मितिमा प्रकासित ४९ वटा मापदण्डहरु

**११ मन्त्रालयको बजेट सम्बन्धी विवरण**

आ.व. २०७५/७६ को यस मन्त्रालयमा विनियोजन भएको कुल वजेट रकम रु १६ अर्ब ३६ करोड ४१ लाख रहेको छ । यस मध्ये ११ अर्व ३ करोड १० लाख ५१ हजार संघीय कार्यालयहरु तर्फ विनियोजन भएको छ भने ४ अर्व ८७ करोड ८८ लाख प्रदेश तथा ४५ करोड ४२ लाख स्थानीय तहमा सर्शत रुपमा हस्तान्तरण भएको छ ।

**१२ मन्त्रालयले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान सम्बन्धी विवरण**

आ.व. २०७५/७६ को यस मन्त्रालयमा विनियोजन भएको कुल वजेट रकम रु १६ अर्ब ३६ करोड ४१ लाख रहेकोमा २ अर्व ४० करोड ९३ लाख वैदेशिक अनुदान र ९८ करोड बैदेशिक ऋण रहेको छ ।

**१३ मन्त्रालयको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण**

यस मन्त्रालयका सूचनाहरु अद्यावधिक रुपमा मन्त्रालयको website www.mofe.gov.np मा पनि राख्ने गरिएको छ ।साथै मातहतका विभागहरुले पनि आफ्ना सूचनाहरु आ-आफ्ना website मा अद्यावधिक गर्ने गरेका छन् ।

**१४ मन्त्रालयको सूचना वर्गीकरण सम्बन्धी व्यवस्था**

सूचनाको वर्गीकरण हुन बाँकी रहेको छ ।

**१५ खर्चको विवरण**

यस मन्त्रालयलाई विनियोजित कुल बजेट मध्ये संघीय कार्यालयहरुलाई विनियोजन भएको रकममा रु ९ अर्व २५ करोड १३ लाख ३१ हजार खर्च भएको छ ।जसमध्ये ७ अर्व ७ करोड २९ लाख ४७ हजार चालु खर्च भएको छ भने २ अर्व २७ करोड ८३ लाख ८४ हजार पूजीगत खर्च रहेको छ ।